जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
वर्ष १३ • अंक ९ • २०८२ कार्तिक १५ गते शनिवार • 1 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

## झमझम पानी परेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएर किसानहरु चिन्तित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ कार्तिक**



भर्खरै दीपावली र छठ सहितका मुख्य पर्व सकेका यहाँका किसान अहिले मुख्यबाली धान थन्क्याउन नपाएर चिन्तित भएका छन् । चाडपर्व सकेर धान काट्ने, चुट्ने र थन्क्याउने मेसोमा लागेका किसानलाई बुधबार मध्यरातपछि लगातार परेको पानीले चिन्तित बनाएको हो ।

महोत्तरी सहितका मधेशका जिल्लामा मङ्गलबार बिहानदेखि मौसम धुम्मिएर बुधबार बिहान सिमसिम पानी परेको थियो । बुधबार दिउँसो घाम लागे पनि मध्यरात कटेपछि झमझम पानी परिरहेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएर किसानको चिन्ता बढेको हो । खास गरी महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका किसान अहिले पाकेको बाली थन्क्याउन नपाउँदा चिन्तामा परेका छन् । "धान खेतमा पाकेर पहेँलपुर छ, चाडवाड सकेर काटौँला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो", भङ्गाहा-५ कर्पुरगञ्जका ६० वर्षीय किसान रामजुलुम बाँतर भन्नुहुन्छ, "पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुनेभयो ।" हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउनुपर्नेमा यो पानीले काम बिगारेको बाँतर बताउनुहुन्छ । महोत्तरी सहितका मधेशका उत्तरी क्षेत्रमा चाँडै पाक्ने ( कात्तिक पहिलो साताभित्र) धान लगाइन्छ । उत्तरी क्षेत्रको माटो बलौटे हुँदा चाँडै रुखिने हुन्छ । यसैले गहुँ, दलहन, तेलहन, तरकारी र उखुबाली चाँडै लगाइने यस भेगमा चाँडो पाक्ने धान लगाइने गरिन्छ । यसपालि बर्खाकालमा लामो समय सुक्खा पर्दा धान रोपाइँ ढिलो भएर यस भेगमा पाक्ने समय कात्तिक दोस्रो साता पुगेको हो । महोत्तरीका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रमा अहिले धान पाकेर पहेँलपुर छ । अधिकांश किसान धान काट्ने मेसोमै लागेका बेला अहिले पानी परेपछि यो काम बिथोलिएको हो । उत्तरी क्षेत्रमा धान पाकेर पहेँलपुर भए पनि मध्य र दक्षिणी क्षेत्रमा भने मङ्सिरमा पाक्ने धान बढी रोपिँदा परेको पानीले त्यति बिगारी नहालेको सो भेगका किसान बताउँछन् । "अहिले पानी त चाहिएको थिएन, तर हाम्रोतिर धान पाक्न अझै दुई साता लाग्छ, त्यसैले अहिले परेको पानीले धेरै बिगार नगर्ला", रामगोपालपुर-२ महानपुरका किसान कादिर हुसैन भन्नुहुन्छ, "चोटिलो पानी पर्यो भने बोटबाटै धान झर्ने डर छ ।" जिल्लाको उत्तरी क्षेत्रका गौशाला, भङ्गाहा र बर्दिबास नगरपालिकाका बस्तीमा भने अहिले धान काट्ने, निहिन सुकाउने, चुट्ने र थन्क्याउने चटारोकैबीच पानी परेको छ । अहिलेको पानी पनि मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमै बढी परेको छ । अब धान काट्ने काम दुई-चार दिनपछि धकेलिएको किसान बताउँछन् । हिउँदे धान काटेर दुई-तीन दिन निहिनमा सुकाउनुपर्ने हुँदा मौसम सफा हुन पर्खनैपर्ने बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतो बताउनुहुन्छ । अब धान काट्न हुने ढिलोले गहुँ छर्ने, आलु रोप्ने र दलहन बाली लगाउने कामलाई पनि पछि धकेल्ने चिन्ताले किसान पिरोलिएका छन् । यसै गरी धान काटेर उखु रोप्ने मन बनाएका किसान पनि छटपटिएका छन् । अहिलेको पानीले हिउँदे तरकारी रोप्ने, गोडमेल गर्ने र फलेका तरकारी पालोमा टिपेर बजार पुर्याउन पनि नदिने किसानको चिन्ता छ । "पानी पर्दैछ, पालोमा टिपेर बजार पुर्याउन पर्ने भण्टा, रामतोरिया, घिरौँला, लौका र झिमनी एक दिनमै छिप्पिन्छन्, अनि ढुसी लाग्ने र कीराको आक्रमण पनि बढ्छ", तरकारी खेतीका किसान बर्दिबास-९ पशुपतिनगरका रामविनोद महतो भन्नुहुन्छ, "यो पानी तुक (समय) को भएन ।" खेतीपाती प्रतिकूलताकाबिच गर्नु परेको आम किसानको गुनासो छ । कहिले खडेरी, कहिले बेमौसमको वर्षा यी सबै अप्ठ्याराबिच खेतीपाती चलाउनुपरेको किसान बताउँछन् ।

## जोखिमपूर्ण कार्यमा संलग्न नेपाली बालबालिकाहरूलाई उद्धार गरी परिवारको जिम्मा लगाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ कार्तिक**



भारतका विभिन्न राज्यमा जोखिमपूर्ण र अमानवीय काममा संलग्न गराइएका १६ जना नेपाली बालबालिकाहरूलाई उद्धार गरी परिवारको जिम्मा लगाइएका छन ।

उद्धार गरिएका ती बालबालिकाहरू मधेश प्रदेशका विभिन्न जिल्लाका हुन् । भारतको मुम्बई, दिल्ली र बिहारमा वेतनविहीन श्रम, जबर्जस्ती काम र अन्य जोखिमपूर्ण कार्यमा संलग्न गराइएका ती बालबालिकाहरूलाई भारतीय प्रहरीको सहयोगमा 'किन इन्डिया' नामक संस्थाले उद्धार गरेका छन । सबै कानुनी र प्रशासनिक प्रक्रिया पूरा गरी मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव रञ्जित यादवको रोहवरमा अभिभावकहरूलाई जिम्मा लगाइएका छन । राष्ट्रिय बालअधिकार परिषद् मधेश प्रदेशका समन्वय अधिकृत सञ्जीव कुमार महतोका अनुसार उद्धार गरिएका बालबालिकाहरू ९ देखि १७ वर्ष उमेर समूहका हुन् । ती बालबालिकाहरू मधेश प्रदेशका महोत्तरी, धनुषा, सिरहा, रौतहट र सप्तरी जिल्लाका हुन् ।

महोत्तरीको जलेश्वर नगरपालिका-६ का विकास कुमार महतो (१४), कृष्ण सदा (१७), रवि सदा (१४), विकास सदा (१२), विवेक सदा (१२) र सम्सी गाउँपालिका-६ का रवि ठाकुर (९) रहेका छन् । त्यस्तै, धनुषाको शहीदनगर नगरपालिका-१ का विवेक सदा (१२), करण सदा (१३), धनुषाधाम नगरपालिका-११ का रोहित सदा (१२) र सुरत कुमार सदा (१२) रहेका छन् ।

रौतहटका मुगले आजम (१५), सप्तरीको डाक्नेश्वरी नगरपालिका-९ का जीत कुमार पण्डित (१४), सिरहाका समीर कुमार भुजेल (१४) र सौगात बयलकोटी (१२) समेत उद्धार भएका बालक हुन् ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

दलित तथा विपन्न किशोर-किशोरीहरुका लागि ४५ दिने
लोक सेवा तयारी कक्षा संचालन
२०८२ कार्तिक १३ गते देखि
पिपरा गाउँपालिका, महोत्तरी
Save the Children

क्यान्सर रोगबारे जानकारी राखौं ।
**क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु:**
- शरीरमा गिर्खा गाँठा गुठीहरु देखिनु,
- शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
- शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
- लामो समयसम्म दिसामा गोटी पर्नु, पालतो दिसा हुनु, दिसामा रगत देखिनु,
- महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुनः रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
- स्तनमा गाँठा गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टु दबिनु,
- शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
- नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
- धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।
**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड




# बलात्कार बन्द गर

*घृणाको पनि लायक नभएका बलात्कारीको नाममा :*
*कुनै न्युक्लिएर बमभन्दा*
*हजारौं गुणा विध्वंसकारी हुनसक्छ*
*कामुक पुरुषको लिङ्ग !*
****

*ब्रम्हाजी*
*दरिद्र पुरुषको सिर्जना गर्न बन्द गरिदेऊ*
*तिमीले बनाएको*
*बहुलाएको पुरुषभन्दा*
*बैज्ञानिकले बनाएको रोबर्ट*
*धेरै सुरक्षीत र अनुशासीत छ !*
****

*फेरि पनि बलात्कार भएको छ*
*सडकमा मैनबत्ती प्रज्वलित हुने छ*
*यसपटक मैनबत्तीको ठाउँमा*
*बलात्कारी पुरुषलाई जलाएर हेर*
*अर्कोपटक मैनबत्ती जलाउन पर्ने छैन !*
****

*कुनै पनि दृश्य कामुक हुँदैन*
*कामुक हुन्छ त दृष्टि !*
****

*केही मान्छेहरू*
*विश्लेषण गर्दै छन्*
*छोटो कपडा बलात्कारको कारण हो*
*त्यहाँ कोहि थिएन कि*
*बलात्कार छोटा कपडाले होइन*
*छोटो मानसिकताले हुन्छ भनेर व्याख्या गर्ने !*
****

*नारीहरू*
*नंग्न हिँडिदेऊ*
*तिम्रो स्तनलाई सितन देख्नेहरू*
*बताइदेऊ*
*बलात्कारीको विर्य यसैबाट बनेको हो*
*छर्लङ्ग देखाइदेऊ*
*योनी र भनिदेऊ*
*जुन योनीमा आफ्नो बहुला वासना पोख्ने सोच्दै छन्*
*यहि बाटो हुँदै आएका हुन् धर्तीमा !*

***–: जनक कार्की :–***

# विवाह पञ्चमी महोत्सवको तयारीमा सरोकारवाला जुटे

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ कार्तिक**



प्रत्येक वर्ष झैं धुमधाम साथ मनाइने विवाह पञ्चमी महोत्सवको तयारीमा सरोकारवाला जुटेका छन् । जनकपुरधामस्थित जानकी मन्दिरमा बिहीबार महोत्सवको तयारीबारे सर्वदलीय तथा सर्वपक्षीय बैठक सम्पन्न भएको छ । बैठकमा जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले यस वर्ष हुने कार्यक्रमको बारेमा जानकारी दिएका छन् ।

उनका अनुसार यस वर्ष पनि अयोध्याबाट विशिष्ट व्यक्तिहरुसहितको जन्ती आउने छ भने जानकी मन्दिरले जन्तीको स्वागत, सत्कार र बासको व्यवस्थापन गर्नेछ । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत यस वर्ष मंसिर ४ गते जनकपुरधाम नगर दर्शनको कार्यक्रम रहेको छ भने ५ गते फूलबारी लिला रहेको छ ।

त्यस्तै मंसिर ६ गते धनुष यज्ञ हुनेछ भने ७ गते तिलकोत्सव हुनेछ । त्यस्तै ८ गते मटकोर हुनेछ भने ९ गते स्वयमवर तथा विवाह महोत्सव हुनेछ । मंसिर १० गत्ते रामकलेवा विधि सम्पन्न गरी सम्पूर्ण जन्तीहरुलाई विदा गरिने उत्तराधिकारी महन्त दासले बताए । उनले यस वर्ष पनि विभिन्न समितिहरु गठन हुने र हरेक समितिलाई जिम्मेवारी तोकेर महोत्सव भव्य र व्यवस्थित रुपमा सम्पन्न गरिने बताए । बैठकमा जानकी मन्दिरका बडे महन्थ राम तपेश्वर दास बैष्णवले देशमा आन्दोलन हुने चर्चा चलिरहेकोले सबैलाई शान्त हुन अनुरोध गर्नुभयो । उनले यो देश शान्तिको देश हो र शान्ति एवम वार्ताको माध्यमबाट समस्याहरु समाधान गर्न सकिने भन्दै आन्दोलन, हत्या हिंसा नगर्न सबैलाई आग्रह गर्नुभयो ।

# मुख्यमन्त्री र बेलायती राजदूतावासको टोलीसंग भेटघाट



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ कार्तिक**

मुख्यमन्त्री जितेन्द्र सोनलसंग नेपालका लागि बेलायती राजदूतावासको विकास कार्यक्रम प्रमुख पौलिन सिनन नेतृत्वको टोलीले विहीवार जनकपुरधाममा शिष्टाचार भेटघाट गरेको छ । सो भेटघाटका क्रममा मुख्यमन्त्री सोनलले मधेश प्रदेश सरकारको प्रमुख प्राथमिकता शिक्षा, स्वास्थ्य र कृषि क्षेत्र रहेको उल्लेख गर्दै ती क्षेत्रको समृद्धिका लागि विकास साझेदारहरूको सहयोग अपरिहार्य हुनेमा जोड दिएका छन् ।

उनले प्रदेशको समग्र विकासका लागि बेलायती दूतावासजस्ता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्न प्रदेश सरकार तयार रहेको पनि बताइएको छ । यस अवसरमा बेलायती टोलीकी प्रमुख सिननले प्रदेश सरकारका विकास प्रयासहरूमा सहकार्य र समर्थनका लागि दूतावास प्रतिवद्ध रहेको बताउँदै सम्भावित सहकार्यका क्षेत्रमा छलफल गर्न इच्छा व्यक्त गरे । सो भेटघाटमा प्रदेश सरकारका उच्च अधिकारीहरू र बेलायती दूतावासका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।


## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

**पुर्वतयारीका लागि गरौं यी ५ काम**

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसंग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।- जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३



५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

**अनुरोधकर्ता**
**मुखियांपट्टी मुसहरनियां गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: खानपानमा समस्या आउने
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: मनमा पछुतो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पद्वारा आणविक परीक्षण पुनः शुरु गर्ने सङ्केतः बढ्यो विश्वव्यापी हतियार दौडको डर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ कार्तिक



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आणविक हतियार परीक्षण पुनः शुरु गर्ने सङ्केत दिएपछि दशकौँदेखि थन्किएको अमेरिकी नीति पुनः विवादमा आएको छ।

ट्रम्पको यस भनाइले रुस, चीन र उत्तर कोरियाजस्ता देशहरूले निरन्तर हतियार विस्तार गरिरहेका बेला विश्वमा नयाँ आणविक प्रतिस्पर्धा शुरु हुने डर बढाएको छ। शीतयुद्धकालको अवशेष मानिएको आणविक नीति पुनः चर्चामा आएको हो। रुसले युक्रेन युद्धबीच अमेरिकासहित युरोपलाई आणविक धम्की दिँदै आएको छ र यसै साताको शुरुआतमा 'बुरेभेस्टनिक' नामक आणविक-सक्षम क्रुज मिसाइल परीक्षण गरेको स्वीकार गरेको छ।

चीनले भूमिगत साइलोहरू विस्तार गरिरहेको छ भने उत्तर कोरियाले अमेरिकी भूमिसम्म प्रहार गर्नसक्ने क्षमताको नयाँ अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल प्रदर्शन गरेको छ। ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेट गर्नुअघि आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्दै अन्य मुलुकले हतियार परीक्षण गरिरहेको उल्लेख गर्दै अमेरिकी रक्षा मन्त्रालयलाई 'समान आधारमा परीक्षण शुरु गर्न निर्देशन दिएको' बताएका थिए।

# "मधेसको हकका लागि लडेँ, अब परिवार पाल्न संघर्ष गर्दैछु" : मधेस आन्दोलनका योद्धा पटेल

प्रेमचन्द्र झा
रौतहट, १४ कार्तिक



गौर कबिर चौकमा २०७२ सालको मधेस आन्दोलनमा गोली लागेर गम्भीर घाइते भएका र गौर नपा ४ निवासी लालबाबु राय पटेल अहिले पनि अपांग जीवन बाँचिरहेका छन्। आन्दोलनको समयमा राज्यसँग हक–अधिकारको माग गर्दै सडकमा उत्रिएका पटेललाई भदौ २७ गते दिउँसो करिब २ बजे सुरक्षाकर्मीले चलाएको गोली मेरुदण्डमा लागेको थियो। त्यसपछि उनी कहिल्यै पुरानै अवस्थामा फर्किन सकेनन्।

गोली लागेर गम्भीर घाइते भएका पटेल करिब छ महिनासम्म विभिन्न अस्पतालमा उपचाररत रहेका थिए – वीर अस्पतालको सघन कक्षमा दुई महिना, नारायणी अस्पतालमा तीन महिना, नयाँ दिल्लीको एम्स अस्पतालमा बीस दिन र त्रिवि शिक्षण अस्पतालमा थप पन्ध्र दिन। अहिले पनि उनको स्वास्थ्य अवस्था कमजोर नै छ। "अब म बाटो हिँड्न पनि असहज महसुस गर्दछु, काम गर्न सक्दिनँ," उनले दुःख पोख्दै भने, "र ाज्यले उपचार खर्च त दियो, तर त्यसपछि कसैले मेरो अवस्था नसोधेको अनुभव भइरहेको छ।"चार धुर जग्गामा सामान्य घर भएका पटेलको आर्थिक अवस्था अत्यन्त कमजोर छ। श्रीमती र पाँच छोरीसहित एक छोरा रहेको परिवारको गुजारा चलाउन निकै कठिन भएको उनले बताए। "मधेसका लागि आन्दोलन गर्दा गोली खानुपर्‍यो, तर अहिले परिवार पाल्नकै समस्या छ," उनी भन्छन्। पटेलका अनुसार, मधेस प्रदेश सरकारले 'मधेसी सहिद दिवस'को अवसरमा दुई लाख रुपैयाँ एकमुष्ट सहयोग गरे पनि त्यसले उनको दैनिकी सहज बनाउन सकेको छैन। उनले भने, "राज्यले मलाई कुनै सहज काममा लगाएर सानो मासिक तलब सुविधा दिएको भए म र मेरो परिवारले सम्मानपूर्वक बाँच्न सक्थ्यौं।" राजनीतिक रूपमा सचेत पटेल अहिले पनि मधेस आन्दोलनलाई देश परिवर्तनको मर्मका रूपमा हेर्छन्। "मधेस आन्दोलनपछि राज्यको मधेसप्रतिको नजरिया केही बदलिएको छ," उनी भन्छन्, "तर त्यो परिवर्तन व्यवहारमा झल्किन सकेको छैन।" उनको भनाइमा, आन्दोलनको जगमा बनेको मधेस प्रदेशले पनि मधेसको पहिचान र अधिकारको सवालमा अपेक्षित काम गर्न सकेको छैन। "मधेसलाई आठ जिल्लामा सीमित बनाउनु राजनीतिक रूपमा मधेसको हैसियत घटाउने प्रयास हो," उनले असन्तोष व्यक्त गरे। उनले थपे, "हामीले हतियार होइन, आवाज उठाएका थियौं। त्यस आवाजले देशको संरचना बदलियो। तर आज त्यही परिवर्तनका साक्षी हामीजस्ता घाइते आन्दोलनकारीहरू राज्यबाट उपेक्षित भइरहेका छौं।" स्थानीय स्तरमा विभिन्न संघ-संस्थाले समय-समयमा सहयोग नगरेको उनको गुनासो छ। जीविकोपार्जनका लागि उनी राज्यसँग रोजगार वा मासिक भत्ता व्यवस्थाको माग गरिरहेका छन्। "मधेस आन्दोलनको नारा थियो – समान अधिकार र सम्मानको। त्यो नारा मेरो जीवनमा अझै अधुरो छ," पटेलको पीडा यत्तिकैमा सीमित छ।






# फ्राइडे रिलिज : एक्लै आयो 'परान'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ कार्तिक



फ्राइडे रिलिज अन्तर्गत शुक्रबारदेखि फिल्म 'परान'ले देशभर एकल प्रदर्शन अवसर पाएको छ। यद्यपि देशभरका फिल्म हल कब्जा गर्न भने असफल छ। किनभने अघिल्ला साताहरूमा रिलिज भएका धेरै फिल्मले कतिपय हलमा कब्जा जमाएका छन् भने बलिउडको फिल्म 'बाहुबली : द एपिक' पनि रिलिजमा आएको छ।

'परान' दीपक प्रसाद आचार्य (काकु)को डेब्यू निर्देशित फिल्म हो। वरिष्ठ अभिनेता नीर शाहलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएको फिल्ममा शाहका अलावा मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, अञ्जना बराइली, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रुपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, विनोद राई र बाल कलाकार आर्यादीप आचार्यले अभिनय छ। व्यापारिक घराना गोल्छा समूहका शेखर गोल्छा र विज्ञापन एजेन्सी प्रिज्मा एड्भर्टाइजिङका रञ्जित आचार्यको निर्माण रहेको फिल्म बाइस्कोप सिनेमाको ब्यानरमा निर्माण भएको हो। फिल्म करिब ७० वढी शोसहित प्रदर्शनमा आएको छ। भावनात्मक पारिवारिक कथा बोकेको यो फिल्मले नेपाली बक्सअफिसमा पारिवारिक दर्शकलाई आकर्षित गर्ने बताइन्छ।

केन्द्रीय चलचित्र जाँच पास समिति (सेन्सर बोड)बाट सबैले हेर्न मिल्ने युनिभर्सल सर्टिफिकेट पाएको फिल्मको बिहीबार साँझ प्रिमियर समेत भएको थियो।

# प्रशिक्षक रसले बीचमै किन छाडे ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ कार्तिक



पहिलो पटक नेपाली मिडियाको सामना गर्दा म्याट रसले नेपाली फुटबललाई अर्कै स्तरमा पुर्‍याउने दाबी गरेका थिए। तर, उनी एक वर्ष पनि टिकेनन्। सायद सात महिना पुग्दा नपुग्दै हरेस खाए। जतिले उनलाई पछिल्लो समय नजिकबाट हेर्ने मौका पाए। सबैको एउटै धारणा थियो, उनी दिनदिनै निराश हुँदै गइरहेका छन्। यो सबै खराब स्थिति उनको अनुहारमै झल्किन थालेको थियो।

यी अस्ट्रेलियाली प्रशिक्षकले नेपाली राष्ट्रिय पुरुष फुटबल टिमको जिम्मेवारीबाट राजीनामा दिएको बिहीबार औपचारिक रूपमा बाहिर आयो। भलै उनले तीन दिन अघि नै आफ्नो राजीनामा अखिल नेपाल फुटबल संघ (एन्फा) लाई पठाइसकेका थिए। एन्फा स्रोतका अनुसार व्यक्तिगत कारणले उनी जर्मनीमा छन्। मूल प्रश्न उनले किन मुख्य प्रशिक्षकको पदबाट राजीनामा दिए त ? सायद यसको पनि ठ्याक्कै उत्तर आउने छैन। जतिबेलासम्म उनी आफैंले प्रतिक्रिया दिने छैनन्। तर राजीनामाको केही कारण भने सजिलै अनुमान गर्न सकिन्छ।

उनै नजिक रहेर काम गरेकाहरूको विश्वास गर्ने हो भने। पहिलो कारण थियो, उनले आफ्नो सहायकका रूपमा नियुक्त गरेका लिन्डे डेविड हेन्डरसनलाई टिमबाट हटाउनु। उनले अनौपचारिक रूपमै टेक्निकल एनालिस्ट लिन्डे आफ्नो टिममा हुनुपर्ने भन्दै आएका थिए। तर, एन्फाले उनलाई टिममा निरन्तरता दिएन।

ध्जथ मष्म ऋयबअज च्यकक भिबखभ ञ्ष्मधबथ?लिन्डेको स्थानमा पछिल्लो समय सल्याण खड्गीले रसको सहायक भएर काम गरेका थिए। दोस्रो कारण, प्रमुख प्रशिक्षकका रूपमा उनीसामु खेलाडी चयन गर्ने कुनै माध्यम नै नहुनु।




# आशंका र अन्योलउन्मुख राजनीति



-जेन-जी विद्रोहले राज्य र राजनीतिक बेथिति, कुशासन र अत्याचारविरुद्ध झिल्को बाल्न सफल भयो । तर, वर्षौंदेखि राज्यसत्तामा भइरहेको लुट, कुशासन, अत्याचार, विभेद, दण्डहीनताको अन्त्य हुन्छ भन्ने आशाको सञ्चार गराउन सकेको छैन । जेन-जी विद्रोहले नेपालको राजनीतिक नेतृत्व, सत्ताको दम्भ र भ्रष्टाचारविरुद्ध गहिरो झड्का दिएको छ । राजनीतिक पार्टीहरूको अकर्मण्यता, चुनावप्रतिको उत्साहको अभाव र जनआन्दोलनका माग सम्बोधनमा सरकारको कमजोरीले देशमा आशंका र अन्योल बढाएको छ । अग्रगामी परिवर्तनका लागि प्रगतिशील शक्तिहरूको मोर्चाबन्दी र जेन-जी विद्रोहका एजेन्डालाई राष्ट्रिय मुद्दाका रूपमा स्थापित गर्न आवश्यक देखिन्छ । नेपालमा संसारलाई नै चकित पार्ने जेन-जी विद्रोह भएको करिब झन्डै दुई महिना पुग्न लाग्यो । यसले शक्तिले मैमत्त, दम्भी र अहंकारी केपी ओलीलाई सिंहदरबार छोडेर भाग्नुपर्ने परिस्थितिमा पुऱ्याइदियो ।

र, सधैंजसो सत्ताको कुर्सी-दौडको फोहरी खेलमा सीमित सबैजसो पार्टीको शीर्ष नेतृत्वलाई अस्वीकार गर्ने परिस्थितिमा पुऱ्यायो । लुटतन्त्र र भ्रष्टाचारबाट देशलाई दोहन गरिरहेका राजनीतिक नेता/कार्यकर्ता, कर्मचारी र राज्य संयन्त्रका हर्ताकर्तालाई तर्सायो । जनतालाई सधैंभरि धोकाधडी गरी स्वार्थ पूर्ति गर्ने राजनीतिक प्रवृत्ति र प्रणालीलाई जेन-जी विद्रोहले निकै ठूलो झड्का पैदा गरेको छ । संसारका सबैजसो राजनीतिक क्रान्ति, विद्रोह वा संघर्षले जनतामा नयाँ आशा जागृत गरेका हुन्छन् । नेपालमै भएका ऐतिहासिक क्रान्ति र संघर्षले जनतामा नयाँ आशाको सञ्चार गराएकै हो । तोकिएको समयमै निर्वाचन भएन भने त्यसपछिको राजनीतिक परिवेश कस्तो बन्ला ? आशंका र अन्योल सबैतिर व्याप्त छ, सरकारले यस्तो अन्योल चिर्नुपर्छ२०४६ को जनआन्दोलनले बहुपार्टीय प्रजातान्त्रिक व्यवस्थाबाट जनतामा लोकतान्त्रिक अधिकार अभ्यासको आशा जगाएको थियो । २०६२/६३ को जनआन्दोलनको सफलताले जनतामा संघीय लोकतान्त्रिक गणतन्त्रसहितको नयाँ शासकीय व्यवस्थाबाट लोकतान्त्रिक अधिकारको अभ्यास गर्ने परिवेश निर्माण गर्ने आशा जगायो । जेन-जी विद्रोहले समग्र राज्य र राजनीतिक बेथिति, कुशासन र अत्याचारविरुद्ध झिल्को बाल्न सफल भयो तथापि वर्षौंदेखि राज्य सत्तामा भएको लुट, कुशासन, अत्याचार, विभेद, दण्डहीनताको अन्त्य हुन्छ भन्ने आशाको सञ्चार गराउन सकेको छैन । जेन-जी विद्रोहमा सरकारको गोलीबाट दर्जनौं मानिस मारिए । निहत्था प्रदर्शनकारीमाथि गोली दाग्ने र आदेश दिने जिम्मेवार व्यक्तिमाथि सरकारले कारबाही गरोस् । विद्रोहमा राज्य सत्ताले हत्या गरेका र घाइते भएका व्यक्तिले न्याय पाउनुपर्छ भन्ने आम जनताको चाहना छ । तर, जेन-जी विद्रोहकै जगमा उभिएको अन्तरिम सरकारले विद्रोहीको घाउमा मलमपट्टी लगाउन सकेको छैन । अर्कोतिर, फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन गराउने म्यान्डेटसहित सरकार गठन भएको हो । तोकिएको समयमा निर्वाचन हुन्छ र त्यसले राजनीतिक निकासा दिन्छ भन्नेमा जनतामा आशंका छन् । न त राजनीतिक पार्टीहरूमा चुनावप्रतिको उत्साह देखिन्छ, न त सरकारले चुनावी वातावरण बनाउन पर्याप्त पहलकदमी लिन सकेको छ ।

यति मात्रै होइन, तोकिएको समयमा निर्वाचन भएन भने त्यसपछिको राजनीतिक परिवेश कस्तो बन्ला भन्ने आशंका र अन्योल सबैतिर व्याप्त छ । सरकारले यस्ता अन्योल चिर्न सक्नुपर्छ । राज्यको आमूल परिवर्तनको पक्षमा भएको हो- जेन-जी विद्रोह । मूलतः भ्रष्टाचार र चरम नातावाद/कृपावाद विरुद्ध सुरु भएको यो विद्रोह नेपालको शासकीय संरचनात्मक बेथिति, चरम सत्तालिप्सा केन्द्रित नेतृत्व र पार्टी प्रवृत्तिविरुद्ध थियो । जेन-जीको नेतृत्वमा भएको विद्रोह राज्य सत्ताबाट प्रताडित जनताकै विद्रोह थियो । त्यसैले यसको ऐतिहासिक महत्त्व छ । आन्दोलनको विकासकै क्रममा जेन-जीहरूले राज्य सत्तासँग महत्त्वपूर्ण माग सार्वजनिक गरेका छन् । जेन-जीले भदौ २३ देखि २५ सम्म भएका राज्य दमनदेखि सार्वजनिक तथा निजी सम्पत्तिमाथि गरिएको क्षतिको अनुसन्धान, अभियोजन र न्याय निरूपणको मुद्दा उठाएको छ ।

साभार : कान्तिपुर ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१।०२।२१ मा प्रा.लि.नं.३३३८८२२/०८०/०८१ मा दर्ता भएको **आर.आर.हौंलडगं ग्रुप प्रा.लि.** को मिति २०८२।०१।२५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर** : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)

सम्पर्क नं.: ९८४११४१६१७


**"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: ढिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश








अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday